म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २६३ आइतबार, २७ बैशाख २०८३ ने. सं. ११४६ बछलागा 10 May 2026 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा ट्र्याम्प मोटरसाइकलको सोरुम सञ्चालनमा आउने

हेटौंडा, २६ बैशाख/हेटौंडामा ट्र्याम्प मोटरसाइकलको शोरुम सञ्चालनमा आउने भएको छ । हेटौंडा-११, स्थित थानाभञ्याङमा ट्र्याम्प मोटरसाइकलका लागि आधारिकता हेटौंडा ट्र्याम्प शोरुप सञ्चालनमा आउन लागेको हो । शनिबार पत्रकार सम्मेलनको आयोजना गर्दै शोरुमका सञ्चालक रवि कँडेल शर्माले आइतबारबाट औपचारिक रुपमा बाइक शोरुपको उद्घाटन गरेर सञ्चालनमा ल्याउने जानकारी दिए । नेपालमा हालसम्म ट्र्याम्प मोटरसाइलको ३ वटा भेरिएनट र हेको उनले बताए । विशेषगरी पानी, बरफिलो बाटो र हिलो कच्ची बाटोमा हिड्न सहयोग पुऱ्याउने ट्र्याम्प बाइकले २८ किलोमिटरको दर ले प्रतिघण्टाको माइलेज दिने सञ्चालक कँडेलले बताए । उनकाअनुसार ६ लाख ७० हजार रुपैयाँको मूल्यमा ४ सय सिसीमा विक्री सुरु गर्न लागिएको ट्र्याम्प बाइक इटहरीमा सार्वजनिक भइसकेको र मकवानपुर मा पहिलोपटक ल्याइएको हो ।

'राज्यले आतंक सिर्जना गरेर नागरिकको घर भत्काउन मिल्दैन'

# हेटौंडाको सिमलटार पुगेर साम्पाङले भनेः 'म साथमा छु'

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ श्रमसंस्कृति पार्टीका अध्यक्ष हर्कराज राईले सुकुम्बासी र अव्यवस्थित बसोबासीको पक्षमा आफू रहेको बताएका छन् ।

शनिबार हेटौंडा-११ थानाभञ्याङस्थित सुकुम्बासी बस्तीमा पुगेका उनले सरकार सुकुम्बासीको पक्ष नरहे पनि आफू र आफ्नो पार्टी सुकुम्बासी र अव्यवस्थित बसोबासीको पक्षमा सदैव रहेको जिकिर गरे । संविधानले नै सबै नागरिकलाई बास बस्न पाउने मौलिकअधिकार दिएको उल्लेख गर्दै अध्यक्ष राईले राज्यले आतंक सिर्जना गरेर नागरिकको घर भत्काउन नमिल्ने बताए । सुकुम्बासी र अव्यवस्थितरुपमा बसोवास गर्दै आएका मानिसको समस्या हल गर्ने, उनीहरुलाई बिस्तापित गर्नु नहुने र घर भत्काएर जनतालाई लखेट्नु कार्यतर्फ लाग्न नहुने उनले बताए ।

'सबै जनताले बाँच्न पाउनुपर्छ किनकी मौलिक हक हो संविधानले दिएको । घर बनाएर बस्न पाउनुपर्ने सबै जनताको अधिकारभित्र पर्छ । त्यो घरलाई राज्यले अहिले आएर आतंक फैलाउने हिसाबले नभत्काउने पक्षमा हामी छौं ।' अध्यक्ष राईले भने । जनतालाई बेघर बनाउन सरकारको निरङकुश कदमविरुद्ध मेचीदेखि महाकालीसम्म जनता एकजुट हुनुपर्ने उनको भनाई छ । अध्यक्ष राईले जनतालाई बेघर बनाउन नहुने एजेण्डा संसद्को पहिलो बैठकमै प्रस्तुत गरेको बताए । सरकारले गरेका कामको मूल्याङकन गरी खराब कामको सवालमा खबरदारी गर्दै आइरहेको उनले उल्लेख गरे ।



अध्यक्ष राईले नेपाली जनताको बाच्न पाउने अधिकारलाई सुनिश्चित्त गर्न सदनदेखि सडकसम्म आवाज उठाउने प्रतिबद्धता व्यक्त गरे । अध्यक्ष राईलाई नेपाल बसोबास संरक्षण समाज मकवानपुरका अध्यक्ष कमलचन्द्र सुमनले सुकुम्बासीको समस्याबारे जानकारी गराएका थिए ।

### मकवानपुरमा २८ हजार भन्दा बढी सुकुम्बासी

नापी कार्यालय मकवानपुरका अनुसार मकवानपुरमा २८ हजार भन्दा बढी सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । उनीहरुले भूमिहिन दलित सुकुम्बासी समस्या समाधान आयोगसमक्ष निवेदन दिएका छन् । निवेदन दर्ता गरेकामध्ये भूमिहिन दलित ४७१ जना रहेका छन् भने भूमिहिन सुकुम्बासी ३ हजार ५८९ र अव्यवस्थित बसोबासीको संख्या २४ हजार ७३७ जना रहेको कार्यालयका प्रमुख महेश्वर कार्कीले जानकारी दिए ।

उनकाअनुसार हेटौंडा उपमहानगरपालिकामा ६ हजार १२४ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जसमा भूमिहीन दलित २३६, भूमिहीन सुकुम्बासी १ हजार ८५१ र अव्यवस्थित बसोबासी ४ हजार ३७ जना रहेका छन् । बागमती गाउँपालिकामा २ हजार २०८ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी छन् । जसमा ३४ जना भूमिहीन दलित, २८३ जना भूमिहीन सुकुम्बासी र १ हजार ८९५ जना अव्यवस्थित बसोबासी रहेका छन् ।

बकैया गाउँपालिकामा ८ हजार ८१३ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमध्ये भूमिहीन दलित ४४ जना रहेका छन् । भूमिहीन सुकुम्बासीको संख्या ३२८ रहेको छ भने ८ हजार ४४१ जना अव्यवस्थित बसोबासी रहेका छन् । भीमफेदी गाउँपालिकामा रहेका ७७२ भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमध्ये ४५ जना भूमिहीन दलित रहेका छन् भने ३३१ जना भूमिहीन सुकुम्बासी र ३९६ जना अव्यवस्थित बसोबासी रहेका छन् ।

इन्द्रसरोवर गाउँपालिकामा रहेका १३५ भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमध्ये ५ जना भूमिहीन सुकुम्बासी रहेका छन् भने १३० जना अव्यवस्थित बसोबासी रहेका छन् ।

कैलाश गाउँपालिकामा ५४२ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । जसमध्ये भूमिहीन दलित ६ जना, भूमिहीन सुकुम्बासी ६७ र ४६९ जना अव्यवस्थित बसोबासी रहेका छन् । मकवानपुरगढी गाउँपालिकामा रहेका २४३ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमध्ये २ जना दलित, ४१ जना सुकुम्बासी र २०० जना अव्यवस्थित बसोबासी रहेका छन् । मनहरी गाउँपालिकामा रहेका ८ हजार ३३५ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीमध्ये १०१ दलित रहेका छन् ।

६१५ जना सुकुम्बासी र ७ जहार ६१९ जना अव्यवस्थित बसोबासी रहेका छन् । राक्सिराङ गाउँपालिकामा भूमिहीन दलित १ जना, सुकुम्बासी २९ र ३०१ जना अव्यवस्थित बसोबासी गरी ३३१ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । थाहा नगरपालिकामा १ हजार २९४ जना भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । जसमा ३ जना दलित, ३९ जना सुकुम्बासी र १ हजार २५२ जना अव्यवस्थित बसोबासी रहेका छन् ।

# दिनैको झरीले आलु उत्पादन घट्ने चिन्तामा थाहानगरका किसान

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ वैशाख महिनामा दैनिकरुपमा वर्षा हुन थालेपछि मकवानपुरका थाहा नगरपालिका तरकारी उत्पादक कृषक चिन्तित भएका छन् ।

दैनिकरुपमा पानी परेकाले आलुका बोट डढुवा रोग लागेर कालो भएका छन् । आलु बढ्ने बेलामा बोटमै रोग लागेकाले आलुको उत्पादनसँगै आकार पनि घट्ने चिन्ताले थाहाका कृषक पिरोलिएका हुन् । यहाँका कृषकले जेठ पहिलो सातादेखि आलु खनेर बिक्री गर्थे । 'अहिले आलुको बोट नै डढुवा रोग लागेर कालो भइसक्यो कहिले खन्ने ठेगानै छैन,' थाहा नगरपालिका-३ का कृषक सुदर्शन विष्टले भने,- 'वैशाखमा लगातार पानी परेकाले आलुको बोटमा डढुवा रोग लागेर मरिसक्यो, आलुका दाना मट्याङग्रा जत्रा भएका छन् के खन्नु ?'

१२ वटा वडामा विभाजित थाहा नगरपालिकाबासीको मुख्य आम्दानीको स्रोत तरकारीखेती हो । त्यसमध्ये पनि सबैभन्दा बढी आम्दानीको हिस्सा ओगट्ने आलुखेती हो । आलुको उत्पादनमा गिरावट आउने बितिक्कै यो क्षेत्रका बासिन्दाको आयस्रोत नै प्रभावित हुनेगर्छ । थाहा नगरपालिकाको कृषि विकास शाखाका अनुसार नगरपालिका क्षेत्रमा ६ हजार ३ सय रोपनी जग्गामा आलुखेती गरिन्छ । गतवर्ष झण्डै ७ हजार टन आलु उत्पादन भएको थियो । गतवर्ष थाहामा आलुको उत्पादन राम्रो हुनुको साथै मूल्य पनि कृषकले राम्रै पाएका थिए ।



थाहा नगरपालिका कृषि विकास शाखाप्रमुख बालकुमारी भट्टराईले भनिन्, 'अहिले दैनिक वर्षा भएकाले आलुमात्र होइन, अन्य तरकारी उत्पादनमा पनि समस्या भएको छ ।' साविक दामन, पालुङ, आग्रा, टिष्टुङ, चित्लाङ र बज्रवराही गाविस समेटेर बनेको थाहा नगर पालिकाको सबै वडामा आलुखेती गरिने कृषि शाखाकी प्रमुख भट्टराईले बताइन् । यहाँ प्रतिरोपनी सरदर १५ क्विन्टल आलु उत्पादन हुने उनले बताइन् । उनकाअनुसार थाहाबाट बर्सेनि ५० करोड रुपैयाँ भन्दाबढीको आलु निर्यात हुनेगर्छ । यहाँ उत्पादन हुने आलु काठमाडौं, पोखरा, हेटौंडा, बुटवल, भरतपुर लगायत विभिन्न सहरमा निर्यात हुनेगर्छ ।

थाहाले आलुबाटमात्र करिब ५७ देखि ६० लाख रुपैयाँ राजस्व संकलन गर्दै आएको छ । यहाँबाट निर्यात हुने आलुलगायत अन्य तरकारीमा ५२ वर्षदेखि स्थानीय कर लगाइँदै आएको छ । यहाँ माघको पहिलो सातादेखि आलु रोप्न सुरु हुन्छ । फागुन पहिलो सातासम्म आलु रोप्ने काम सकिन्छ । जेठ पहिलो सातादेखि आलु खन्ने काम सुरु गरिन्छ । २०३१ सालदेखि रुपचन्द्र विष्टले दामन र पालुङमा आलुमा कर लगाउन सुरु गरेका थिए । त्यहीँ करबाट संकलन भएको रकम यस क्षेत्रको शैक्षिक विकास एवं भौतिक पूर्वाधारका लागि खर्च गरिँदै आएको थियो । कर अहिले नगरपालिकाले तोक्ने गरेको छ । यसक्षेत्रमा विसं २०१८ सालदेखि आलुखेती सुरु गरिएको स्थानीयको भनाई छ ।

आलुको उत्पादनसँग यसक्षेत्रका बासिन्दाको जीवनशैली जोडिएको छ । आलुसँगै अहिले अरु तरकारीखेती पनि व्यवसायिक ढंगले गर्न थालेका छन् । पानी लगातार परेकाले केराउ, गोलभेडा, बन्दालगायत तरकारी खेतीमा क्षति पुऱ्याएको छ । यसक्षेत्रका कृषकले अहिले कार्डिनल, डेजुरे, खुमल रातो, जनकदेव, कुखुरे ज्योति र साजिटा जातका आलुको बीउ लगाउने गरेका छन् ।

# मकवानपुरका दुईजना वीरगन्जमा लागूऔषधसहित पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ वीरगन्जमा सशस्त्र प्रहरीले लागूऔषधसहित मकवानपुरका दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मकवानपुरको हेटौंडा उपमहानगरपालिका-११ सिमलटार निवासी २० वर्षीय सागर घिमिरे र सोही स्थानकी २३ वर्षीया पूजा जिम्बा रहेका छन् ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण मुख्यालय पर्साका अनुसार वीरगन्ज महानगरपालिका-१६ स्थित भन्सार मेनगेट क्षेत्रमा नियमित चेकजाँचका क्रममा उनीहरु पक्राउ परेका हुन् । सीमा सुरक्षा गुल्म मुख्यालय वीरगन्जबाट लागूऔषध खोजी गर्ने कुकुरसहित खटिएको टोलीले शुक्रबार भारतबाट नेपालतर्फ आउँदै गरेको अटोमा सवार दुईजनामाथि शंका लागेपछि जाँच गरेको थियो ।

जाँचका क्रममा उनीहरुको साथबाट ब्राउनसुगर ५ ग्राम र हेरोइनजस्तो देखिने शून्य दशमलव ३४ मिलिग्राम बरामद गरिएको हो । पक्राउ परेका दुवैलाई थप अनुसन्धान तथा कारबाहीका लागि वडाप्रहरी कार्यालय बिर्तामा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण मुख्यालय पर्साका सूचनाअधिकारी सशस्त्र प्रहरी नायवउपरीक्षक मोहनराज निरौलाले जानकारी दिएका छन् ।






साझाकुरा

## हाम्रो कुरा

# चुनौती बन्दै बालबिवाह

बागमती प्रदेशको राजधानी हेटौंडामा सम्पन्न 'बालविवाह, बालन्यायको अवस्था र बालविवाह अन्त्यका लागि न्याय क्षेत्रको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रमले बालअधिकारको सवाललाई पुनः केन्द्रमा ल्याएको छ । मुख्यन्यायाधीवक्ता कार्यालय बागमती प्रदेशको आयोजना तथा भ्वाइस अफ चिल्ड्रेन र जस्ट राइड्स फर चिल्ड्रेनको सहकार्यमा भएको कार्यक्रममा प्रस्तुत तथ्य, विचार र बहसले नेपालमा बालविवाह अझै पनि गम्भीर सामाजिक समस्या बनेको स्पष्ट संकेत गरेको छ । राष्ट्रिय जनगणना २०७८ का तथ्यांकले बागमती प्रदेशमा २९ दशमलब ३ प्रतिशत बालविवाहका घटना रहेको देखाउँछ । यो प्रतिशत कोशी (३४), मधेश (४२ दशमलब ४), गण्डकी (३२ दशमलब ४), लुम्बिनी (३४), कर्णाली (३४ दशमलब ९) र सुदूरपश्चिम (२९ दशमलब १) प्रदेशको तुलनामा केही कम देखिए पनि सन्तोष मान्ने अवस्था भने कदापि होइन । देशको राजनीतिक, प्रशासनिक र आर्थिक केन्द्र मानिने बागमतीमै करिब एकतिहाइ बालविवाह हुनु आफैंमा गम्भीर चुनौती हो । बालविवाह केवल कानुनी उल्लंघन मात्र होइन, यो बालबालिकाको स्वास्थ्य, शिक्षा, सम्मानजनक जीवन र भविष्यमा प्रत्यक्ष असर पार्ने मानवअधिकार हनन हो । कम उमेरमै विवाह हुँदा बालिका शारीरिक तथा मानसिकरुपमा अपरिपक्व अवस्थामा मातृत्वको जोखिममा पर्छन्, विद्यालय छोड्न बाध्य हुन्छन् र गरिबी तथा हिंसाको दुष्चक्रमा फस्ने सम्भावना बढ्छ ।

बालकको हकमा पनि बालविवाहले शिक्षा, सीपविकास र आत्मनिर्भर भविष्यमा नकारात्मक प्रभाव पार्छ । अन्तरक्रियामा मुख्यन्याधीवक्ता अप्सरा बस्नेतले बागमती प्रदेशमा बालविवाहको अवस्था र यसलाई अन्त्य गर्न न्यायक्षेत्रको भूमिकाबारे प्रकाश पारेकी थिइन् । कानुनको प्रभावकारी कार्यान्वयनबिना बालविवाह अन्त्य सम्भव छैन । नेपालमा बालविवाहलाई अपराध मान्ने स्पष्ट कानुनी व्यवस्था हुँदाहुँदै पनि सामाजिक स्वीकार्यता, कमजोर कार्यान्वयन र पीडितको मौनताले अपराधलाई निरन्तरता दिइरहेको छ । यहींनिर न्यायक्षेत्रको सक्रियता अपरिहार्य छ । बालन्यायको अवधारणा र वर्तमान अवस्थाबारेको प्रस्तुतीकरणले अर्को महत्वपूर्ण पाटो उजागर गरेको छ । बालमैत्री न्यायप्रणाली, पीडित बालबालिकाको गोपनीयता, छिटो र संवेदनशील सुनुवाइ तथा पुनर्स्थापनामूलक न्यायको अभ्यास अझै कमजोर अवस्थामा छ । बालविवाहका पीडित बालबालिका न्यायको ढोकासम्म आइपुग्दा अनेक सामाजिक, पारिवारिक र आर्थिक दबाब झेल्नुपर्छ । यदि न्यायप्रणाली उनीहरुको पक्षमा सहज, सुरक्षित र भरोसायोग्य बनेन भने कानुन कागजमै सीमित हुन्छ । प्रदेशगत तथ्यांक हेर्दा मधेश प्रदेशमा ४२ दशमलब ४ प्रतिशत बालविवाह हुनु अत्यन्त चिन्ताजनक छ । यसले क्षेत्रीय असमानता, गरिबी, अशिक्षा र सामाजिक कुसंस्कारबीचको सम्बन्धलाई उजागर गर्छ । तर, बागमती, कोशी वा गण्डकीजस्ता तुलनात्मकरुपमा विकसित प्रदेश पनि यो समस्याबाट मुक्त छैनन् भन्ने तथ्यले बालविवाह राष्ट्रिय समस्या भएको पुष्टि गर्छ । त्यसैले समाधान पनि समन्वित, बहुआयामिक र राष्ट्रियस्तरकै हुनुपर्छ । बालविवाह अन्त्यका लागि न्यायक्षेत्र एक्लैले मात्र काम गरेर पुग्दैन ।

स्थानीय सरकार, विद्यालय, स्वास्थ्यसंस्था, नागरिकसमाज, सञ्चारमाध्यम र समुदाय स्वयंको सक्रिय सहभागिता अनिवार्य छ । तर, न्यायक्षेत्रले 'शून्य सहनशीलता' को स्पष्ट सन्देश दिन सक्नुपर्छ । उजुरी परेपछि ढिलासुस्ती नगर्ने, दोषीलाई दण्डित गर्ने र पीडितलाई संरक्षण तथा पुनर्स्थापना दिने अभ्यास मजबुत बनाउनु पर्छ । अभिभावक र समुदायलाई कानुनी परिणामबारे सचेत गराउनु पनि न्यायिक निकायको महत्वपूर्ण दायित्व हो । हेटौंडाको अन्तरक्रियाले संवादको ढोका खोलेको छ तर, संवादलाई कार्यान्वयनमा रुपान्तरण गर्नु आजको मुख्य चुनौती हो । बागमती प्रदेशले नीति, कार्यक्रम र न्यायिक अभ्यासमार्फत बालविवाह न्यूनीकरणमा ठोस प्रगति गर्न सक्यो भने त्यो अन्य प्रदेशका लागि पनि उदाहरण बन्न सक्छ । बालविवाह अन्त्यगर्नु भनेको केवल एउटा सामाजिक विकृति हटाउनु होइन, यो भावी पुस्ताको सुरक्षित, शिक्षित र सम्मानजनक भविष्य सुनिश्चित गर्नु हो । त्यसका लागि न्यायक्षेत्रले नेतृत्वदायी भूमिका खेल्न अब ढिलागर्नु हुँदैन । सन् २०३० सम्म बालविवाहमुक्त गर्ने सरकारको लक्ष्य हासिल गर्न नसकिने अवस्था छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८३ वैशाख २८ गते सोमबार ११ मे २०२६ । नवमी, जेठ कृष्णपक्ष । बछलागा ११४६ ने.सं. । सूर्योदय ५:२०सूर्यास्त ६:४२ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : साझेदारी कार्यमा विवाद | तुला | : स्थानान्तरण हुनसक्ने |
| वृष | : दैनिक आयमा कमी | वृश्चिक | : दुस्चिन्ताले पिरोल्ने |
| मिथुन | : मांगलिक कार्य सम्पादन | धनु | : यात्रामा भयले सताउने |
| कर्कट | : कार्यमा बाधा | मकर | : उपचार खर्च वृद्धि हुने |
| सिंह | : आकस्मिक लाभ हुने | कुम्भ | : मानसम्मान मिल्ने |
| कन्या | : अर्थहानि हुने | मीन | : जोस एवम् जांगर बढ्ने |

# एशियाको 'ग्रिन इनर्जी हब' बन्न सक्छ नेपाल





✍रोहिणी पौडेल

नेपालको विद्युत् क्षेत्रले पछिल्लो दशकमा हासिल गरेको प्रगति केवल परिमाणात्मक वृद्धि मात्र होइन, गहिरो संरचनात्मक रूपान्तरणको संकेत पनि हो । एक दशकअघि करिब ७००-८०० मेगावाटको सीमित उत्पादन क्षमता र चरम लोडसेडिङ भोगिरहेको देश हालसम्म आइपुग्दा करिब ४०८६ मेगावाट स्थापित क्षमतासहित ऊर्जा अभावको अवस्थाबाट ऊर्जा अधिशेषतर्फ प्रवेश गरिसकेको छ ।

अझ महत्वपूर्ण कुरा के छ भने करिब ११ हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन छन् र थप १५ हजार मेगावाटभन्दा बढी परियोजना पाइपलाइनमा छन् । यी तथ्यहरूले निकट भविष्यमा नेपालको उत्पादन क्षमता वर्तमान मागभन्दा उल्लेखनीय रूपमा बढी हुने स्पष्ट संकेत गर्छन् ।

तर यही तीव्र विस्तारले नेपालको विद्युत् क्षेत्रलाई नयाँ प्रकारको जटिलतामा प्रवेश गराएको छ । आजको चुनौती उत्पादन अभाव होइनह बरु उत्पादन, प्रसारण र खपत बीचको संरचनात्मक असन्तुलन हो । यही असन्तुलनले दीर्घकालीन रूपमा वित्तीय, प्राविधिक र नीतिगत जोखिमहरू सिर्जना गरिरहेको छ । नेपालको ऊर्जा प्रणाली मूलतः जलविद्युतमा आधा रित छ, जसले कुल उत्पादनको करिब ९५ प्रतिशत हिस्सा ओगटेको छ । तर यस संरचनाको गहिरो विश्लेषण गर्दा देखिन्छ कि अधिकांश आयोजना रन अफ रिभर (आरओआर) प्रकृतिका छन्, जसका कारण उत्पादन पूर्ण रूपमा नदीको बहावमा निर्भर हुन्छ ।

वर्षायाममा पानीको मात्रा अत्यधिक हुँदा उत्पादन उच्चतम स्तरमा पुग्छ भने हिउँदमा यही उत्पादन उल्लेखनीय रूपमा घट्छ । यसले नेपालको ऊर्जा प्रणालीलाई मौसमी रूपमा अत्यन्त असन्तुलित बनाएको छ । परिणामस्वरूप, वर्षायाममा सयौं मेगावाट विद्युत् अधिशेष हुन्छ, जुन पूर्ण रूपमा उपयोग हुन नसक्दा खेर जाने अवस्था आउँछ, जबकि हिउँदमा पुनः आयात गर्नुपर्ने बाध्यता रहन्छ ।

एउटै वर्षभित्र अधिशेष र अभाव दुवै अवस्था अनुभव हुनु नेपालको ऊर्जा संरचनाको मूल कमजोरी हो । यस मौसमी असन्तुलनको प्रत्यक्ष प्रभाव आर्थिक पक्षमा पनि देखिन्छ । वर्षायाममा उत्पादन भएको ऊर्जा या त अत्यन्त न्यून दरमा निर्यात गर्नुपर्छ वा प्रसारण तथा माग अभावका कारण उपयोग हुन नसकी खेर जान्छ ।

यस्तो अवस्थामा पूर्वनिर्धारित सम्झौता अनुसार उपयोग नभएको ऊर्जाको समेत भुक्तानी गर्नुपर्ने हुँदा प्राधिकरणमा वित्तीय दबाब पर्छ । अर्कोतर्फ, हिउँदमा उत्पादन घट्दा महँगो दरमा आयात गर्नुपर्ने अवस्था सिर्जना हुन्छ । यसले ऊर्जा प्रणालीलाई दीर्घकालीन रूपमा आर्थिक रूपमा अस्थिर बनाउने जोखिम बढाउँछ ।

उत्पादन वृद्धि सँगसँगै प्रसारण पूर्वाधार विस्तार भएको भए पनि यसको गति पर्याप्त छैन । हाल करिब ६ हजार किलोमिटरभन्दा बढी प्रसारण सञ्जाल विस्तार भइसकेको भए पनि उच्च क्षमताका २२० केभी र ४०० केभी लाइनहरूको अभाव अझै देखिन्छ । उत्पादन केन्द्र र खपत केन्द्रबीच प्रभावकारी प्रसारण लाइन नहुँदा 'generation evacuation' समस्या देखिएको छ । कतिपय अवस्थामा उत्पादन भएको विद्युत् प्रणालीमा समावेश गर्न नसक्नुको कारण यही प्रसारण सीमितता हो ।

साथै, अन्तरदेशीय प्रसारण लाइन क्षमता सीमित हुनुका साथै छिमेकी देशहरूको cross–border electricity trade policy, regulatory approval process तथा import permission सम्बन्धी जटिल व्यवस्थाका कारण नेपालको विद्युत् निर्यात सम्भावना पूर्ण रूपमा उपयोग हुनसकेको छैन, जबकि आगामी वर्षहरूमा हजारौं मेगावाट अतिरिक्त उत्पादन प्रणालीमा प्रवेश गर्नेछ ।

यसैबीच, विद्युतको माग पनि अपेक्षित रूपमा वृद्धि हुनसकेको छैन । घरेलु उपभोग बढ्दै गएको भए पनि औद्योगिक क्षेत्रको विद्युत् खपत अझै न्यून छ । स्थिर र ठूलो माग दिने औद्योगिक आधार कमजोर हुँदा प्रणालीमा 'base demand' को अभाव देखिएको छ । यसले उत्पादन वृद्धि आर्थिक उत्पादनमा रूपान्तरण हुन नसक्ने अवस्था सिर्जना गरेको छ ।

नीतिगत रूपमा पनि ऊर्जा क्षेत्र संवेदनशील मोडमा पुगेको छ । अघिल्लो व्यवस्था 'टेक अर पे'ले निजी लगानीलाई सुनिश्चित आम्दानीको आधार प्रदान गरी जलविद्युत् विकासलाई गति दिएको थियो । तर नयाँ दृष्टिकोण 'टेक एन्ड पे' ले बजार जोखिम उत्पादकतर्फ सार्ने प्रयास गरेको छ, जसले परियोजनाहरूको वित्तीय सुनिश्चितता कमजोर बनाउन सक्छ । एकल क्रेता भएको अवस्थामा यस्तो व्यवस्था दीर्घकालीन रूपमा लगानीलाई निरुत्साहित गर्न सक्ने जोखिम रहन्छ ।

यसका अतिरिक्त, विश्व ऊर्जा बजारमा भइरहेको परिवर्तनले नेपालको परम्परागत ऊर्जा रणनीतिलाई पुनर्विचार गर्न बाध्य बनाएको छ । सौर्य ऊर्जाको लागत निरन्तर घटिरहेको छ र धेरै देशहरूमा यो सबैभन्दा सस्तो ऊर्जा स्रोत बन्दै गएको छ । भण्डारण प्रविधिको विकाससँगै सौर्य ऊर्जा अब स्थिर आपूर्तिको विकल्पका रूपमा विकसित हुँदैछ । नेपालको भौगोलिक अवस्थाले पनि सौर्य ऊर्जाको पर्याप्त सम्भावना देखाउँछ । यस्तो अवस्थामा केवल जलविद्युतमा आधारित रणनीति दीर्घकालीन रूपमा पर्याप्त नहुन सक्छ ।

यी सबै पक्षहरूको समग्र विश्लेषण गर्दा स्पष्ट हुन्छ कि नेपाल अब 'उत्पादन अधिकतम गर्ने' चरणबाट अघि बढेर 'सम्पूर्ण प्रणाली सन्तुलन गर्ने' चरणमा प्रवेश गर्नुपर्ने अवस्थामा पुगेको छ । अबको चुनौती नयाँ आयोजना थप्नु मात्र होइनह उत्पादन, प्रसारण र खपत बीच प्रभावकारी समन्वय कायम गर्नु हो ।

यसका लागि ऊर्जा मिश्रण सन्तुलन अपरिहार्य छ । रन अफ रिभर आयोजनाको अत्यधिक निर्भरता घटाउँदै भण्डारणयुक्त जलविद्युत् विकास गर्नुपर्छ, जसले मौसमी असन्तुलन घटाउन मद्दत गर्छ । साथै, सौर्य ऊर्जा र जलविद्युतको संयोजनले दिन-रातको लोड प्रोफाइल सन्तुलित गर्न सक्छ- दिनको समयमा सौर्य ऊर्जा र साँझको 'पिक' समयमा जलविद्युत् प्रयोग गर्ने प्रणाली दीर्घकालीन रूपमा उपयुक्त देखिन्छ ।

त्यसैगरी, नेपालको ऊर्जा भविष्यका लागि ऊर्जा भण्डारण (Energy Storage) प्रविधि अत्यन्त महत्वपूर्ण बन्नेछ । विशेषगरी ब्याट्री इनर्जी स्टोरेज सिस्टम (BESS) तथा एगऋउभम क्तयचबनभ ज्थमचयउयधभच ले दैनिक तथा मौसमी भार असन्तुलन व्यवस्थापनलाई सहज बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।

त्यसैगरी, विद्युतको माग वृद्धिको लागि संरचनात्मक एवं नीतिगत सुधार अत्यावश्यक छ । flexible demand, time–of–use tariff, peak pricing जस्ता उपाय लागू गर्दै data center, cryptocurrency mining, cold storage, EV charging जस्ता उच्च खपत गर्ने क्षेत्रलाई लक्षित नीति ल्याउन सकिन्छ । विशेषगरी रातको समयमा खपत बढाउन २-३ वर्षसम्म सहुलियत दर वा प्रोत्साहन दिन सकिने नीति औद्योगीकीकरणलाई तीव्र बनाउन उपयोगी हुन सक्छ । यसले प्रणालीलाई उत्पादन केन्द्रित नभई उपयोग केन्द्रित बनाउनेछ ।

अन्तरदेशीय ऊर्जा व्यापार नेपालको ऊर्जा भविष्यलाई दीर्घकालीन रूपमा रूपान्तरण गर्ने निर्णायक आधार बन्नुपर्छ । भारत र बंगलादेशसँग दीर्घकालीन विद्युत् व्यापार सम्झौता, उच्च क्षमतायुक्त बहुविध प्रसारण करिडोर निर्माण तथा क्षेत्रीय विद्युत् बजारसँग रणनीतिक एकीकरणका उपायहरूले नेपालको ऊर्जा क्षमतालाई प्रभावकारी रूपमा क्षेत्रीय बजार सँग जोड्न सक्छ ।

साथै, छिमेकी राष्ट्रहरूसँग कूटनीतिक तथा ऊर्जा सहकार्यलाई सुदृढ गर्दै cross–border electricity trade policy मा harmonization गर्नु अत्यन्त आवश्यक देखिन्छ । विशेषगरी market access, transmission approval, regulatory framework तथा power trading mechanism मा नीतिगत समन्वय कायम गर्न सके नेपालको विद्युत् निर्यात थप सहज, स्थिर तथा दीर्घकालीन बन्न सक्छ ।

प्रस्तावित इनरुवा-पूर्णिया र अत्तरिया-बरेली ४०० केभी प्रसारण लाइनलाई भविष्यको मागअनुसार ७६५ केभी स्तरमा विकास गर्ने दृष्टिकोणले नेपालको दीर्घकालीन निर्यात क्षमता तथा क्षेत्रीय ऊर्जा एकीकरणलाई थप मजबुत बनाउन सक्छ ।

अन्ततः, नेपालको विद्युत् क्षेत्र आज अवसर र चुनौतीको संगममा उभिएको छ । उत्पादनमा हासिल भएको सफलता दीर्घकालीन रूपमा टिकाउन अब सन्तुलित नीतिगत हस्तक्षेप अपरिहार्य छ । यदि समयमै उत्पादन, प्रसारण र खपत बीच सन्तुलन कायम गर्न सकियो भने नेपालले आफ्नो ऊर्जा सम्भावनालाई केवल आत्मनिर्भरता मात्र होइन, आर्थिक समृद्धि र क्षेत्रीय नेतृत्वमा रूपान्तरण गर्न सक्छ ।

नेपालको ऊर्जा भविष्य अब केवल उत्पादन भएका मेगावाटमा सीमित रहने छैन– यो एकीकृत योजना, आधुनिक प्रविधि, ऊर्जा सुरक्षा, क्षेत्रीय ऊर्जा सहकार्य तथा दूरदर्शी नीतिगत व्यवस्थापनमा आधारित हुनेछ । सही रणनीति, सन्तुलित ऊर्जा मिश्रण तथा दीर्घकालीन ऊर्जा व्यापार संरचना विकास गर्न सकिए नेपाल केवल 'ऊर्जा सम्पन्न देश' मात्र होइन, एशियाको हरित ऊर्जा केन्द्र (Green Energy Hub) का रूपमा स्थापित हुनसक्ने प्रबल सम्भावना राख्दछ ।

*(साभार: अनलाइनखबर)*

# खेलकुदको वर्तमान अन्योल र नीतिगत संकट

✍कविरस शर्मा

नेपाली खेलकुदको वर्तमान परिदृश्य र राज्यको नीतिगत दृष्टिकोणमाथि विहङ्गम विश्लेषण गर्दा यो क्षेत्र यति बेला इतिहासकै गम्भीर संकट र अनिश्चितताको भुमरीमा फसेको प्रस्ट देखिन्छ ।

सरकारले 'सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश-२०८३' जारी गर्दै राष्ट्रिय खेलकुद परिषद् (राखेप) लगायतका निकायबाट एकमुष्टरूपमा पदाधिकारीहरूलाई बिदाइ गर्नुलाई बाहिरीरूपमा प्रशासनिक शुद्धीकरणको खोल ओढाइए पनि यसले गहिरो नीतिगत रिक्तता र संस्थागत अस्थिरता निम्त्याएको छ ।

कुनै पनि क्षेत्रको विकासका लागि कानुनी निरन्तरता र नेतृत्वको स्पष्टता अनिवार्य हुन्छ । तर, वर्तमान सरकारको कदमले राष्ट्रिय खेलकुद विकास ऐन-२०७७ को मेरुदण्ड मानिने दफाहरूलाई विनाकुनै ठोस विकल्प खारेज गरि दिएको छ, जसले तत्कालै सरकारसँग खेलकुद विकासको कुनै दीर्घकालीन खाका छैन कि भन्ने अन्योल सिर्जना भएको छ । यसले वर्तमान सरकारको खेलकुदप्रतिको उदासीनता र अपरिपक्व कार्यशैलीलाई उदाङ्गोसमेत पारेको छ ।

प्रशासनिक शून्यता सिर्जना गरेर केवल कर्मचारीको भरमा राष्ट्रको गौरव जोडिएको क्षेत्रलाई अलपत्र छोड्नुले राज्यको गैरजिम्मेवारीपनको पराकाष्ठा झल्काउँछ । प्रशासनिक संरचनाको कुरा गर्दा, युवा तथा खेलकुद मन्त्रालयलाई शिक्षा मन्त्रालयमा गाभ्ने सरकारको निर्णय नै नेपाली खेलकुदको हुर्मत लिने पहिलो घातक कदम थियो ।

किनकि एउटा विशिष्टीकृत र स्वायत्त पहिचान बोकेको मन्त्रालयलाई शिक्षाको शाखामा खुम्च्याउनुले खेलकुदलाई सरकारले केवल 'अतिरिक्त क्रियाकलाप' को साँघुरो घेरामा र ाखेको देखिन्छ । शिक्षामन्त्रीको कार्यभार सम्हालिर हेका सस्मित पोखरेलले खेलकुद क्षेत्रलाई जुनरूपमा नजरअन्दाज गरेका छन्, त्यसले आम खेलकर्मीमा चरम निराशा पैदा गरेको छ ।

एकातिर मन्त्रालयको हैसियत कमजोर पारिएको छ भने अर्कोतिर मन्त्रालयका सल्लाहकारहरूको अदृश्य प्रभावले राखेपजस्तो कार्यकारी निकायलाई लाचार बनाएको छ । कानुनी र संवैधानिक हैसियत नभएका सल्लाहकारहरूको प्रत्यक्ष निर्देशन र हस्तक्षेपले खेलकुदको प्रशासनिक मर्यादा मात्र नाघेको छैन, यसले विधिको शासनलाई समेत चुनौती दिएको छ ।

सल्लाहकारको राखेपमा बढ्दो सक्रियता र कार्यवाहक सदस्यसचिवको सौम्यताले सुशासनको नारा दिने सरकारको लुकेको अनुहार उदाङ्गो पारेको छ भने अध्यादेशमार्फत ऐनका प्रावधानहरू खारेज गरिएपछि सिर्जना भएको कानुनी अन्योलले नयाँ नियुक्त हुने पदाधिकारीहरूको वैधानिकतामाथि पनि प्रश्न उठाएको छ । सेवा अवधि र बर्खास्तीसम्बन्धी स्पष्ट कानुनी ग्यारेन्टीविना नियुक्त गरिने नयाँ टोली केवल 'आलंकारिक' सरह हुने निश्चित छ ।

सरकारले अध्यादेश ल्याउँदा खारेजीलाई मात्र प्राथमिकता दियो तर त्यसपछिको पदपूर्ति र सञ्चालन प्रक्रियाका लागि कुन कानूनी आधार लिने भन्नेमा मौन रह्यो । यो मौनताले खेलकुद क्षेत्रमा नीतिगत विचलन पैदा गरेको छ र हाल विवादित रहेका संघहरूलाई कानुनी दायरामा ल्याउनुको सट्टा सरकार उनीहरूकै विवादमा रमाएको देखिन्छ ।

कर्णालीमा आयोजना हुने भनिएको १०औं राष्ट्रिय खेलकुद र आगामी २०औं एसियाडजस्ता महत्वपूर्ण खेल प्रतियोगिताहरूको तयारीमा देखिएको सुस्तता र अस्पष्टताले नेपालको अन्तर्राष्ट्रिय साखमा समेत धक्का लाग्ने जोखिम बढेको छ । नेपाल सरकारले सुकुम्बासी क्षेत्रमा तदारुकताका साथ 'डोजर' चलाएर प्रभाव देखाए पनि खेलकुदको संरचनागत बेथितिमा भने डोजरको इन्जिन नै स्टार्ट नहुनु आश्चर्यजनक छ । यति बेला नेपाली खेलकुदलाई केवल प्रशासनिक फेरबदलभन्दा पनि आमूल नीतिगत सुधार र व्यावसायिक नेतृत्वको खाँचो छ । सरकारले प्रस्तुत गरेको 'राष्ट्रिय प्रतिबद्धता'को मस्यौदा केवल कागजमा सीमित हुने संकेतहरू देखिएका छन् ।

किनकि व्यवहारमा खेलकुद मन्त्रालयको सल्लाहकारको भूमिका हाबी भइरहेको छ । राजनीतिक भागवण्डाका आधारमा गरिने नियुक्तिले दशकौंदेखि खेलकुदलाई खोक्रो बनाएको यथार्थलाई स्वीकार गर्दै अब 'मेरिटोक्रेसी'को आधारमा विज्ञहरूलाई जिम्मेवारी दिनुको विकल्प छैन ।

रास्वपाजस्तो आफूलाई परिवर्तनको पक्षधर बताउन रुचाउने दलले आफ्नो नेतृत्व तहमा रहेका खेल विज्ञहरूको अनुभवलाई उपयोग गर्न नसक्नु र सरकारले उनीहरूलाई नीतिगत बहसमा सहभागी नगराउनु अर्को विडम्बना हो । खेलकुदलाई शिक्षाको एउटा सानो अंग बनाउने आत्मघाती निर्णय सच्याउँदै यसलाई युवा परिचालन र राष्ट्रिय पहिचानको मुख्य मेरुदण्डका रूपमा पुनः स्थापित गर्नु अनिवार्य छ ।

नेपाली खेलकुद अहिले अभिभावक विहीन र दिशाहीन अवस्थाको संघारमा उभिएको छ भने कर्मचारीलाई समयमै तलब खुवाउने वा साताको दुई दिन बिदा दिनेजस्ता सतही लोकप्रिय निर्णयमा अल्झिएको वर्तमान सरकारले खेलकुदको जग निर्माणमा ध्यान नदिनु खेदजनक छ । खेलकुद क्षेत्रमा देखिएको यो 'नीतिगत स्खलन' ले केवल खेलाडीको भविष्य मात्र होइन, समग्र राष्ट्रकै गौरवलाई संकटमा पारेको छ ।

अबको नेतृत्वले नेपाली खेलकुदलाई पुनः जीवित तुल्याउन साहसिक र दूरगामी कदमहरू चाल्न आवश्यक छ । सबैभन्दा पहिले, खेलकुदमा लामो समयदेखि एकै व्यक्तिहरूको हालिमुहाली रहेको र सिन्डिकेट चलाइरहेका राष्ट्रिय संघहरूलाई विघटन गरी लोकतान्त्रिक र पारदर्शी ढंगले पुनर्गठन गर्नु अनिवार्य छ ।

बदलिँदो अवस्थालाई मध्यनजर गर्दै हालको राखेप बोर्डले अपेक्षाकृत कार्य गर्न नसक्ने देखिसकिएको अवस्थामा यसको संरचनामा नै आमूल परिवर्तन गरी नयाँ जोश र भिजन भएको टिम ल्याउनुपर्छ । साथै, प्रशासनतर्फका भद्दा र अनुत्पादक कर्मचारी संयन्त्र तथा समयअनुसार नतिजा दिन नसक्ने पुराना प्रशिक्षकहरूलाई सम्मानजनक बिदाइ वा घरकाजको व्यवस्था गर्दै नयाँ, दक्ष र आधुनिक खेल विज्ञान बुझेका जनशक्तिलाई प्रवेश गराउने नीति अवलम्बन गर्न ढिला भइसकेको छ ।

वर्तमान मौजुदा खेलकुद ऐनलाई केवल कागजमा सीमित नराखी समयसापेक्ष संशोधन र परिमार्जन गरी कार्यान्वयनमा लैजानुपर्छ । खेलकुदको मातहतमा रहेको अर्बौंको अचल तथा भौतिक सम्पत्तिको यकिन गरी त्यसको व्यावसायिक संरक्षण र सदुपयोग गर्नु राज्यको दायित्व हो । यसका साथै प्रशासनिक र संगठनात्मक संरचनामा व्यापक परिमार्जन गर्दै आवश्यकताका आधारमा मात्र चुस्त जनशक्तिको व्यवस्थापन गरिनुपर्छ ।

खेलकुदको मूल आदर्शअनुसार एउटा दीर्घकालीन गुरुयोजना तयार पारी सातै प्रदेश र ७७ जिल्लामा यसलाई 'गुरुकुल'को रूपमा विकास गर्दै यथाशीघ्र कार्यान्वयनमा लैजानुपर्छ । विवादित राष्ट्रिय संघहरूलाई खेलकुदको मर्म र भावना बुझ्न आह्वान गर्दै यदि उनीहरू सुएिनन् भने कडाइका साथ प्रचलित कानुनको दायरामा ल्याएर कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्छ ।

खेलाडी छनोटको प्रक्रिया अहिले पनि सीमित घेराभित्र खुम्चिएको छ, त्यसैले यसको दायरालाई फराकिलो बनाउँदै योग्य र क्षमतावान् सबैले सहभागिता जनाउन पाउने निष्पक्ष नीति ल्याउनुपर्छ । राष्ट्रिय प्रतियोगिताहरूलाई केवल औपचारिकतामा सीमित नगरी नयाँ प्रतिभावान् खेलाडी खोज्ने उत्सवको रूपमा विकास गरिनुपर्छ ।

खेलकुदलाई विद्यालय र कलेजको अतिरिक्त क्रियाकलापमा मात्र सीमित नराखी यसलाई अनिवार्य शिक्षाको एउटा अभिन्न अंगको रूपमा पाठ्यक्रममै समावेश गर्नुपर्छ । पछिल्लो समय प्रतियोगिताको नाममा केवल आर्थिक लाभ लिने र विकृति फैलाउने प्रवृत्ति बढेको छ, जसको अन्त्य गरी खेलको गरिमा जोगाउनु आवश्यक छ । खेलकुद युवाहरूको संगमस्थल मात्र नभई यो एउटा सभ्यता र अनुशासन सिकाउने गुरुकुल पनि हो, त्यसैले सातै प्रदेशमा आधुनिक खेलमैदान, विशिष्टीकृत प्रशिक्षण स्थल, पर्याप्त खेल सामग्री र दक्ष प्रशिक्षकको स्थायी नियुक्ति गरी खेलकुदलाई गाउँ-गाउँसम्म विस्तार गरिनुपर्छ ।

सरकारले तत्काल अध्यादेशको अन्योल चिर्दै, सल्लाहकारहरूको अनावश्यक हस्तक्षेप बन्द गरी ऐनको समयसापेक्ष परिमार्जनसहित सक्षम नेतृत्व प्रदान गर्न सक्यो भने मात्र नेपाली खेलकुदले पुनर्जीवन पाउनेछ र खेलाडीको भविष्य सुनिश्चित हुनेछ ।

*(साभार: न्यूज अफ नेपाल)*

# मधेसमा 'अकाल' मृत्युको कारक बन्दै छ मोटरसाइकल दुर्घटना

## ज्यान गुमाउनेमा युवा उमेरका बढी

जनकपुरधाम/मधेसमा सडक दुर्घटनाको सबैभन्दा ठुलो जोखिम मोटरसाइकल बनेको देखिएको छ । कुल सवारी दुर्घटनामध्ये झन्डै दुई तिहाइ मोटरसाइकल दुर्घटना नै हुने गरेका प्रहरीको तथ्यांकले देखाउँछ । चालु आव २०८२/८३ को चैत मसान्तसम्म ८६२४ वटा सवारी साधन दुर्घटनामध्ये ५९७५ वटा मोटर साइकल रहेका छन् ।

मधेस प्रहरीका सूचना अधिकारी प्रहरी वरिष्ठ उपरीक्षक कमल थापाका अनुसार चैत मसान्तसम्म मधेसका जिल्लामध्ये धनुषामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको छ । धनुषामा १०४८ वटा मोटरसाइकल दुर्घटना भएको तथ्यांक छ । सवारी दुर्घटनामा परी ३९८ जनाको मृत्यु भएको छ भने १४०९ जना गम्भीर घाइते र ८३२९ जना सामान्य घाइते भएका छन् । तथ्यांकअनुसार सवारी दुर्घटनामा मृत्यु हुनेमध्ये अधिकांश मोटरसाइकल दुर्घटनामा परेका व्यक्तिहरू नै रहेका छन् ।

चालु आवको चैत मसान्तसम्म अन्य जिल्लामध्ये सप्तरीमा २९४, सिराहामा ७४०, महोत्तरीमा ५६८, सर्लाहीमा ९९४, रौतहटमा ८२१, बारामा ८४२ र पर्सामा ७१८ मोटरसाइकल दुर्घटना भएका छन् ।

गत आर्थिक वर्ष २०८१/८२ मा १०६७९ वटा सवारी साधन दुर्घटनामा परेकोमा ७२०१ वटा मोटरसाइकल नै रहेका थिए भने आव २०८०/८१ मा ८५२९ वटा सवारी साधन दुर्घटनामा परेकोमा ५९२६ वटा मोटरसाइकल दुर्घटना भएको प्रहरीले जनाएको छ ।

आव २०७९/८० मा ८३७६ वटा सवारी साधन दुर्घटनामा परेकोमा ५७४५ वटा मोटरसाइकल रहेका छन् । त्यस्तै आव २०७८/७९ मा ८३०२ वटा सवारी साधन दुर्घटनामध्ये ५४१८ वटा मोटरसाइकल थिए । आव २०७७/७८ मा ५८११ वटा सवारी साधन दुर्घटनामा परेकोमा ३७३७ वटा मोटरसाइकल रहेका थिए ।

यी पाँचवटै आवमा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना धनुषा जिल्लामै भएको देखिएको छ । तथ्यांकअनुसार धनुषामा २०८१/८२ मा ११८७, २०८०/८१ मा १०८२,



२०७९/८० मा ९५८ र २०७८/७९ मा ९०२ मोटरसाइकल दुर्घटना भएको देखिन्छ ।

प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी गोविन्द थपलियाका अनुसार मोटरसाइकल दुर्घटना बढ्नुको प्रमुख कारण तीव्र गति, लाइसेन्स नभएका युवाहरूले चलाउनु तथा लागूऔषध र मादक पदार्थ सेवन गरी चलाउनु हो । उनले उमेर नपुगेका र लाइसेन्स नभएका युवाहरूले तीव्र गतिमा चलाउँदा तथा लागूऔषध र मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा अनियन्त्रित भई अन्य सवारीको तुलनामा मोटरसाइकल दुर्घटना बढी हुने गरेको बताए । सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले समयसमयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ । दुर्घटनाको प्रमुख कारणमध्ये लागू पदार्थ सेवन न्यूनीकरणका लागि प्रदेशका सबै जिल्लामा सेवनकर्तालाई सुधार र पुन:स्थापनामा ल्याउने लक्ष्यसहित प्रदेश प्रहरी कार्यालयले 'लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३' वैशाख २५ गते शुक्रबार नगराइन नगर पालिकाबाट गृह तथा सञ्चारमन्त्री फकिरा महतोको प्रमुख आतिथ्यमा सुरु गरेको छ ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका ट्राफिक प्रहरी उपरीक्षक राजकुमार सिलवालका अनुसार मोटरसाइकल दुर्घटना बढी हुनुको मुख्य कारण तीव्र गति हो । उनका अनुसार लागूऔषध र मादक पदार्थ सेवन गरी आफूलाई बढी स्मार्ट देखाउने उद्देश्यले तीव्र गतिमा मोटरसाइकल चलाउँदा दुर्घटना बढ्ने गरेको छ । यसमा अधिकांश उमेर नपुगेका तथा २५र३० वर्ष उमेर समूहका युवाहरू बढी संलग्न हुने गरेका छन् ।

यही वैशाख महिनाभित्र पनि विभिन्न ठाउँमा मोटरसाइकल दुर्घटनाका घटना भएका छन् । वैशाख १२ गते धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित पूर्वपश्चिम राजमार्गमा भएको मोटर साइकल दुर्घटनामा महोत्तरीको पिपरा गाउँपालिका-७ निवासी २१ वर्षीय अतुल चौधरीको मृत्यु भएको थियो । प्रहरीका अनुसार चितवनबाट पूर्व गाईघाटतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०११ नम्बरको बस र विपरीत दिशाबाट आउँदै गरेको मधेस प्रदेश ०२-०१० प १२३७ नम्बरको मोटरसाइकल आपसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

वैशाख ८ गते धनुषाको ढल्केबरमा मोटरसाइकलको ठक्कर बाट एक महिलाको मृत्यु हुनुका साथै शिशुसहित ३ जना घाइते भएका थिए । धनुषा प्रहरीले जनाएको अनुसार मिथिला नगरपालिका-६ ढल्केबरकी ३१ वर्षीया विनिता कुमारी महतोको मृत्यु भएको थियो भने दुर्घटनामा १६ वर्षीया अनुष्का कुमारी महतो र आठ महिनाकी बालिका घाइते भएका थिए ।

वैशाख १६ गते पथलैया-वीरगञ्ज सडकखण्ड अन्तर्गत डाबर नेपाल अगाडि मोटर साइकल दुर्घटनामा परी पर्साको पोखरिया नगरपालिका वडा नं ३ बसन्तपुरका राम चमारको मृत्यु भएको थियो । प्रहरीका अनुसार वीरगञ्जबाट नारायणघाटतर्फ जाँदै गरेको ना २७ प ३०२१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सडक छेउको रेलिङमा ठोक्किएर दुर्घटना भएको थियो ।

वैशाख २५ गते लक्ष्मीनिया गाउँपालिका-४ सपही, जनकपुर-ढल्केबर सडकखण्डमा ढल्केबरबाट जनकपुरतर्फ आउँदै गरेको बाप्र ०१-०३१ च ९०६३ नम्बरको स्कर्पियो गाडीले बाटो काट्ने क्रममा सपहीकी ३० वर्षीया पुनमदेवी साह सवार स्कुटीलाई ठक्कर दिँदा उनी गम्भीर घाइते भएकी थिइन् । उपचारका क्रममा प्रादेशिक अस्पताल जनकपुरधाममा उनको मृत्यु भएको थियो ।

यी घटनामा मोटर साइकल दुर्घटनाको प्रमुख कारण तीव्र गति रहेको र दुर्घटनामा पर्ने अधिकांश युवा वर्ग नै रहेको देखिन्छ । प्रहरीको तथ्यांकअनुसार पनि मोटरसाइकल दुर्घटनामा पर्ने अधिकांश युवा नै हुने गरेका छन् । तीमध्ये धेरैजसो लाइसेन्स नभएका हुने ट्राफिक व्यवस्थापनका प्रवक्ता वकिलबहादुर सिंहले बताए ।

मोटरसाइकल दुर्घटना न्यूनीकरण प्रभावकारी नहुनुको प्रमुख कारण सरकार न्यूनीकरणतर्फ नलागी राजस्व सङ्कलनमा केन्द्रित हुनु, ठोस कानुनको अभाव तथा सामाजिक व्यवहारिकता रहेको जनकपुरधाम उपमहानगरपालिका-२३ का स्थानीय अभी ठाकुरले बताए । ठाकुरका अनुसार सरकारले राजस्व सङ्कलनका लागि मोटरसाइकल बढीभन्दा बढी बिक्री गर्न दिने तर लाइसेन्स सीमित संख्यामा मात्रै वितरण गर्ने गरेको छ । यसबाट सरकारलाई मोटर साइकल बिक्री र लाइसेन्स नभएका कारण लाग्ने जरिवाना दुवैबाट राजस्व उठाउने अवसर मिलेको छ ।

जलेश्वर नगरपालिका-४ की सुनेना यादवका अनुसार लाइसेन्स नभएको व्यक्तिले दुर्घटना गरेको वा ट्राफिक नियम उल्लैन गरेको अवस्थामा तथा लापसे वा मापसे गरेको अवस्थामा पनि ठोस कारबाही नगरी जरिवाना मात्रै लिएर छाड्ने गरिएकोले चालकहरूको मनोबल बढ्दै दुर्घटना बढिरहेको छ ।

ट्राफिक कार्यालय धनुषाका प्रहरी निरीक्षक सूर्यबहादुर शाहीका अनुसार मोटरसाइकल दुर्घटना न्यूनीकरणका लागि विद्यालय तथा सडकहरूमा सचेतना अभियान जारी रहेको छ । लाइसेन्स नभएका, लापसे मापसे गरी तथा तीव्र गतिमा मोटरसाइकल चलाउने चालकसँग जरिवाना लिएर मात्रै छोड्ने गरि एको उनले स्वीकार गरे ।

उनका अनुसार लाइसेन्स नभएका चालकलाई जरिवानाबाहेक अन्य कारबाहीको व्यवस्था छैन । यद्यपि सवारीधनीलाई सचेत गराउने तथा दुर्घटना भएका अवस्थामा कार बाहीको व्यवस्था रहेको छ । लापसे मापसे गरेको अवस्थामा जरिवाना वा सुधार केन्द्रमा पठाउने कानुनी व्यवस्था भए पनि न्यून कारबाहीका कारण मोटरसाइकल दुर्घटना बढ्दै गएको देखिएको छ ।

गम्भीर रूप लिएको मोटरसाइकल दुर्घटना न्यूनीकरणका लागि मोटरसाइकल बिक्रीको संख्याको आधारमा लाइसेन्स वितरण, उमेर नपुगेका वा लाइसेन्स नभएका अवस्थामा सवारीधनीलाई कारबाही, र लापसे मापसे गर्ने चालकलाई कडा कानुनी कारबाहीको आवश्यकता देखिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# मनहरीबासीलाई गाउँघरमै राहदानी र राष्ट्रिय परिचयपत्र



साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ नेपाल सरकारको सरकारी सेवा सुधारसम्बन्धी कार्यक्रमअन्तर्गत् घर दैलो सेवा अवधारणा लागू गर्दै मकवानपुरको मनहरी गाउँपालिकाबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरका कर्मचारीसहित जनप्रतिनिधिको उपस्थितिमा गाउँपालिका कार्यालय लामिटार ब्लकबाट राहदानी र राष्ट्रिय परिचयपत्र वितरण गरिएको हो । २०८० असार मसान्तसम्म जिल्ला प्रशासन कार्यालयमा उपस्थित भई राष्ट्रिय परिचयपत्रको आवेदन दिएका मनहरी स्थायीबासी र हालसम्म राहदानीका लागि आवेदन दिएकाहरुको राहदानी वितरण गर्न जिल्ला प्रशासनको टोली मनहरी पुगेको हो ।

गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेती, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीलगायतको उपस्थितिमा १४ जनालाई राष्ट्रिय परिचयपत्र र २८ जनालाई राहदानी वितरण गरिएको थियो । जिल्ला प्रशासन कार्यालयमा २०८० असोज मसान्तसम्म राष्ट्रिय परिचयपत्रको आवेदन दिएका करिब ७ हजार जना र हालसम्म राहदानीका लागि आवेदन दिएका ८८ जनाको प्रमाणपत्र बोकेर जिल्ला प्रशासनको टोली मनहरी पुगेको थियो । सेवा वितरणलाई सहज, छिटो र प्रविधिमैत्री बनाउने उद्देश्यले सरकारले घरदैलो सेवाको अवधारणा ल्याएको थियो ।

यो अवधारणा कार्यान्वयन गर्दै राष्ट्रिय परिचयपत्र र राहदानी लिन जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यतालाई अन्त्य गर्न गाउँमै पुगी वितरण गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । गाउँबाटै राष्ट्रिय परिचयपत्र र राहदानी वितरण गरिनेबारेको सूचना वडा कार्यालयमार्फत् टोलटोलमा पुऱ्याइएको थियो । राहदानी वितरणका लागि प्रत्यक व्यक्तिलाई फोनमार्फत् गाउँपालिकामा राहदानी लिन आउन सूचना गरिएको थियो ।

# बागमती गोल्डकप: चित्लाङका लक्ष्मण सर्वोत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ चित्लाङ एफसीले आठौं बागमती गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ ।

सहिदस्मृति रंगशाला झुरझुरे खेलमैदानमा शनिवार भएको फाइनलमा सर्लाहीको बागमती युथ क्लबलाई ४-० ले चित्लाङले उपाधि जितेको हो ।

चित्लाङका लागि एरोन थापाले खेलको दोस्रो मिनेटमा, विदेशी खेलाडी सोलोमन किङ्ले १७ औं र ४८ औं मिनेटमा गोल गरे । अर्को एकगोल समीर तामाङले खेलको ७७ औं मिनेटमा गरे । समीर प्लेयर अफ दि म्याच घोषित भए । चित्लाङले १० लाख रुपैयाँ र उपविजेता बागमतीले ५ लाख रुपैयाँ प्राप्त गरेका छन् । विजेता उपविजेतालाई बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी, बागमती गाउँपालिका अध्यक्ष सर्केश घलान र प्रतियोगिताका संयोजक रहरसिं थिङलगायतले पुरस्कार प्रदान गरे ।



चित्लाङ एफसीले पहिलो खेलमा एपीएफलाई, क्वाटरफाइनलमा मछिन्द्रलाई र सेमिफाइनलमा नवजनजागृति युवा क्लब सिमरालाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । बागमतीले पहिलो खेलमा आयोजक बागमती खेलकुद विकास समितिलाई पहिलो खेलमा, क्वाटरफाइनलमा चर्चब्वाइज युनाइटेडलाई र सेमिफाइनलमा फ्रेन्ड्स क्लब काठमाडौंलाई हराउँदै फाइनल प्रवेश गरेको थियो । चित्लाङका लक्ष्मण थापा प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी घोषित भए । उनले १ लाख १ हजार रुपैयाँ प्राप्त गरे ।

उत्कृष्ट गोलरक्षक चित्लाङका प्रिसो, उत्कृष्ट डिफेन्डर बागमतीका आयुष मगर, उत्कृष्ट मिडफिल्डर बागमतीकै अनिष महर्जन, उत्कृष्ट फरवार्ड चित्लाङला एरोन थापा र उत्कृष्ट प्रशिक्षक सुमन श्रेष्ठ घोषित भए । विधागत उत्कृष्ट सबैले जनही २५ हजार रुपैयाँ प्राप्त गरे । बागमती गाउँपालिका मकवानपुरको प्रायोजनमा बागमती खेलकुद विकास समितिले प्रतियोगिता आयोजना गरेको हो ।

# सरकारले बजार सुशासनका लागि 'मूल्य पारदर्शिता सप्ताह' सञ्चालन गर्ने




काठमाडौं/सरकारले आगामी सोमबारदेखि बजार सुशासनका लागि मूल्य पारदर्शिता सप्ताह सञ्चालन गर्ने भएको छ । बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले देशभर विशेष अभियान चलाउन लागेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

प्रधानमन्त्री तथा मन्त्रि परिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको प्रधानमन्त्री बालेन्द्र शाहकी प्रेस तथा अनुसन्धान विज्ञ दिपा दाहालले बताइन् ।

आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको उनको भनाइ छ । सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चार कर्मीलाई यस अभियानमा जोडिने उनले जानकारी दिइन् ।

यो अभियान सोमबार बाट सुरु भएर जेठ ३ गतेसम्म चल्ने बताइएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

### कसको के भूमिका ?

प्रधानमन्त्रीको सचिवालयका अनुसार यो अभियानमा स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी त्यसको नियमित अनुगमन गर्न भनिएको छ ।

यस्तै, जिल्ला प्रशासन कार्यालयलाई बजार अनुगमन समितिलाई सक्रिय बनाएर मूल्य पार दर्शिताका लागि प्रचारप्रसार र नियमनको जिम्मेवारी दिइएको छ ।

केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्याङ्कन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

# नेपालको ऊर्जा जडित क्षमता पुग्यो ४२ सय ९६ मेगावाट



काठमाडौं/नेपालको कूल ऊर्जा जडित क्षमता ४ हजार २ सय ९६ मेगावाट पुगेको छ । नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका ऊर्जा उत्पादकहरूद्वारा उत्पादित विद्युत्का आधारमा उक्त क्षमता निर्धारण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादितबाहेक ४ हजार २ सय ९६ मेगावाट क्षमता निर्धारण भएको हो । चालु आर्थिक वर्षको अन्त्यसम्म कूल जडित क्षमता चार हजार ५ सय मेगावाटभन्दा माथि पुग्ने मन्त्रालयले प्रक्षेपण गरेको छ ।

हाल निर्माणको क्रममा तीन हजार मेगावाट क्षमताका आयोजना छन्, भने निर्माणमा जान तयारी अवस्थामा रहेका आयोजनाको क्षमता पनि समान रहेको मन्त्रालयले जनाएको छ ।

हालसम्म ६६ केभीभन्दा माथिका करिब ७ हजार ३ सय ६० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ ।

यस्तै, १४ हजार ३ सय २३ एमभिए क्षमताको सबस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले उल्लेख गरेको छ भने ३३ केभी क्षमताका करिब ८ हजार २ सय २५ सर्किट किलोमिटर प्रसारण लाइन तथा ३ हजार ३ सय ८ एमभीए क्षमताको सबस्टेसन निर्माण भएका छन् ।

सरकारको पहल र सक्रियता, नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको विशेष अभियानका कारण देशभरको विद्युत् चुहावट १२.५ प्रतिशतमा सीमित भएको प्राधिकरणले जनाएको छ ।

यस्तै प्राविधिक चुहावटलाई क्रमश: घटाउँदै लैजाने लक्ष्य राखिएको छ । सवस्टेसनको क्षमता विस्तार, प्रसारण लाइनको स्तरोन्नति तथा प्राविधिक उपाय अवलम्बन गर्दै चुहावट क्रमश: घटाइने मन्त्रालयले स्पष्ट पारेको छ ।

यसैगरी प्रतिव्यक्ति विद्युत् खपत ४ सय ५० किलोवाट घण्टा बराबर पुगेको छ । हालसम्म राष्ट्रिय विद्युत् प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत्मा पहुँचमा पहुँच प्राप्त जनसंख्या ९९ प्रतिशत बराबर पुगेको छ ।

हालसम्म विद्युत् निर्यात २ हजार ९ सय १८ गिगावाट प्रतिघण्टा छ भने विद्युत् आयात करिब ५ सय ९० गिगावाट घण्टा भएको छ । हालसम्म सौर्य विद्युत् उत्पादन क्षमता ६२.७ मेगावाट बराबर पुगेको छ । लघु तथा साना जलविद्युत् आयोजनाबाट ५५.३ मेगावाट बराबर विद्युत् उत्पादन भएको छ । *-रासस*

# वैदिक संस्कृत गुरुकुलको नयाँ भवन उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २६ वैशाख/ हेटौंडा-१८, हर्नामाडीस्थित वैदिक संस्कृत गुरुकुलमका लागि निर्माण गरिएको नयाँ तीन कोठे पक्की भवन उद्घाटन गरिएको छ ।

हेटौंडा उपमहानगर पालिकाको ८ लाख रुपैयाँ तथा वडा नम्बर १८ को २० लाख रुपैयाँ लागतमा निर्माण गरिएको भवन एक कार्यक्रमबीच उद्घाटन गरिएको हो । वैदिक वानप्रस्थ आश्रमअन्तर्गत् सञ्चालित गुरुकुलमा हाल कक्षा ६ देखि ८ सम्म अध्ययन हुँदै आएको छ । २०८१ सालदेखि कक्षा ६ बाट सुरु गरिएको गुरुकुलमा अहिले ३० जना विद्यार्थी अध्ययनरत रहेको गुरुकुल व्यवस्थापनले जनाएको छ । गुरुकुलमा भर्नाहुन कक्षा ५ उत्तीर्ण गरेको हुनुपर्ने व्यवस्था रहेको छ ।

गुरुकुलले नि:शुल्क शिक्षा प्रदान गर्दै आएको छ । सञ्चालनका लागि स्वेच्छिक दान, चन्दा तथा स्थानीय सहयोगमा निर्भर रहँदै आएको गुरुकुलका शिक्षकहरुको तलब व्यवस्थापन भने हेटौंडा-१८ वडा कार्यालयले गर्दै आएको जनाइएको छ । भवन उद्घाटन कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा प्रमुखअतिथिकारुपमा सहभागी थिइन् भने वडाअध्यक्ष अनिलकुमार बानियाँ विशिष्टअतिथिकारुपमा उपस्थित थिए । कार्यक्रम विद्यालय व्यवस्थापन समिति अध्यक्ष सीता




विष्टको सभाध्यक्षतामा भएको थियो ।

कार्यक्रममा वैदिक वानप्रस्थ आश्रमका पदाधिकारी, स्थानीय जनप्रतिनिधि, सामुदायिक वनका प्रतिनिधि तथा विभिन्न सामाजिक व्यक्तित्वको सहभागिता रहेको थियो । गुरुकुल व्यवस्थापनका अनुसार आगामी दिनमा पञ्चतत्व पार्क, गौशाला, जडीबुटी उद्यान, फलफूल उद्यान तथा प्राकृतिक चिकित्सालय निर्माण गर्ने दीर्घकालीन योजना अघि बढाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# सशस्त्र प्रहरी बल नं. १४ गणले स्थापना दिवस मनायो



साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ सशस्त्र प्रहरी बल नेपाल नं. १४ गण, हेड क्वाटर मकवानपुरले आफ्नो १६ औँ स्थापना दिवस विभिन्न कार्यक्रमका साथ मनाएको छ ।

हेटौंडा-८ स्थित कपडा उद्योगमा रहेको गणले सशस्त्र प्रहरी बल नेपाल नं. ३ गण गढिमाई मुख्यालयका प्रमुख, सशस्त्र प्रहरी नायवमहानिरीक्षक अञ्जनीकुमार पोखरेलको प्रमुख आतिथ्यतामा स्थापना दिवस मनाएको हो । कार्यक्रममा प्रमुखअतिथि सशस्त्र प्रहरी नायवमहानिरीक्षक पोखरेलले सशस्त्र प्रहरी बल विशेष तथा विषम परिस्थितिमा स्थापना भएको उल्लेख गरे । उनले सशस्त्र प्रहरी बललाई विशेष प्रकृतिको फौजकारुपमा स्थापित गरिएको र सीमाको सुरक्षा पहिलो प्राथमिकतामा राखेर कार्य भइरहेको बताए ।

नायवमहानिरीक्षक पोखरेलका अनुसार २०६५ सालदेखि सशस्त्र प्रहरी बल सीमासुरक्षामा परिचालित हुँदै आएको छ । नेपाल सरकारले ५ सय सीमा पोस्ट स्थापना गर्ने लक्ष्य राखेकोमा हालसम्म २६० वटा पोस्ट स्थापना भइसकेका छन् । हाल एकतिहाइ सशस्त्र प्रहरी जनशक्ति सीमासुरक्षामा परिचालित रहेको उनले जानकारी दिए । उनले आन्तरिक सुरक्षाको अवस्था सीमाको सुरक्षासँग प्रत्यक्षरुपमा जोडिएको उल्लेख गर्दै आन्तरिक सुरक्षा सुदृढ बनाउन सीमासुरक्षा मजबुत हुनु आवश्यक रहेकोमा जोड दिए । विपद् व्यवस्थापनमा पनि सशस्त्र प्रहरी बलले प्रभावकारी भूमिका निर्वाह गरिरहेको बताउँदै बागमती प्रदेश सरकारको सहयोगमा 'रोप र रक क्लाइम्बिङ' तालिम सञ्चालनको तयारी भइरहेको उनले जानकारी दिए ।

उनकाअनुसार सशस्त्र प्रहरी बलले हालसम्म १६० जना गोताखोर जनशक्ति उत्पादन गर्न सफल भएको र यसअघि यस्ता जनशक्ति विदेशबाट ल्याउनुपर्ने अवस्था रहेको छ । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले मनसुनजन्य विपद्का घटनामा सधैं तयारी अवस्थामा रहन आग्रह गर्नुभयो । उनले जोखिमलाई ध्यानमा राख्दै विभिन्न तहमा तयारी सुदृढ गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशी, भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, इन्द्रसरोवर गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, बागमती प्रदेश प्रहरी प्रमुख दीपक रेग्मी तथा मकवानपुरका सुरक्षा निकायका प्रमुखको उपस्थिति रहेको थियो ।

गणको स्थापना २०६७ साल वैशाख २६ गते हेटौंडास्थित अफिसर्स क्लबमा जिल्ला सुरक्षा बेसकारुपमा गरिएको थियो । पछि २०७५ साल चैतदेखि हेटौंडा कपडा उद्योगको प्रशासनिक भवनमा सञ्चालन हुँदै आएको गण हाल हेटौंडा-८ देवनगरमा स्थानान्तरणको प्रक्रियामा रहेको सशस्त्र प्रहरी बल नेपाल नं. १४ गण हे.क्वा मकवानपुरका गणपति एवम् सशस्त्र प्रहरीउपरीक्षक नवीनकुमार खड्काले जानकारी दिए । जिल्लामा सशस्त्र प्रहरी बलका ६ वटा युनिट सञ्चालनमा रहेका छन् भने धादिङमा समेत जनशक्ति परिचालन गरिएको कार्यक्रममा स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत उत्कृष्ट प्रदर्शन गर्नेहरुलाई पुरस्कार वितरण गरिएको थियो ।

कार्यक्रममा विभिन्न सांस्कृतिक प्रस्तुति समेत गरिएको थियो । उत्कृष्ट कार्य गर्ने कर्मचारीलाई सम्मान गरिएको तथा वीरगति प्राप्त हवलदार माधव सापकोटाका भाइलाई सम्मान गरिएको थियो ।

# विपन्न तथा एकल महिलालाई कपुरकोट जातको अदुवाको बीउ वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ हेटौंडा-१ घ्यानसिङटारका एकल, विपन्न तथा सीमान्तकृत महिलालाई कपुरकोट जातको अदुवाको बीउ वितरण गरिएको छ ।

शनिबार मानवअधिकारका लागि महिला एकल महिला समूहको आयोजना तथा हेटौंडा उपमहानगर पालिका-१ नम्बर वडाको आर्थिक सहयोगमा १० परिवारलाई बीउ वितरण गरिएको हो । समूहकी अध्यक्ष शारदा चौलागाईंको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा हेटौंडा उपमहा नगरपालिका-१ का वडाअध्यक्ष सविन न्यौपाने प्रमुख अतिथिकारुपमा उपस्थित थिए । कार्यक्रममा वडासदस्य इश्वरी रसाइली, रामकृष्ण अधिकारी, सोनामसिंह लामा, कार्यसमितिलगायत स्थानीयवासीको सहभागिता थियो ।

कार्यक्रममा अध्यक्ष चौलागाईंले अघिल्लो वर्ष अदुवा खेतीबाट राम्रो आम्दानी भएपछि यसवर्ष पनि कार्यक्रमलाई निरन्तरता दिइएको बताइन् । वडाअध्यक्ष न्यौपानेले महिलालाई जीविकोपार्जनमा सहयोग पुर्‍याउने तथा आयस्रोत वृद्धि गर्ने उद्देश्यले बीउ वितरण गरिएको जानकारी दिए । कार्यक्रममा प्राविधिक अमित साउतले कपुरकोट जातको अदुवा नेपालको माटोका लागि उपयुक्त र अनुसन्धानबाट उत्कृष्ट सावित भएको बताए ।

# रास्वपा थाहा-२ को प्रथम वडा अधिवेशन सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) थाहा नगरपालिका वडा नं. २ को प्रथम वडा अधिवेशन सम्पन्न भएको छ । नगरसभापति जयराम केसीको सभापतित्वमा सम्पन्न अधिवेशनले नयाँ वडा कार्यसमिति चयन गरेको हो ।

अधिवेशनबाट दीपेन्द्र घिमिरे वडासभापति चयन भएका छन् । त्यसैगरी उपसभापतिमा संगम बस्नेत र सचिवमा विजेन्द्र थापा चयन भएका छन् । नवनिर्वाचित सदस्यमा नातिकाजी आलेमगर, मेनुका थापा, प्रमिला कार्की, विजया लामा, भुपालकुमार लामा, सञ्जीव श्रेष्ठ तथा मनोज थापा रहेका छन् ।

प्रमुख सल्लाहकारमा विकेशबाबु बस्नेत चयन भएका छन् भने सल्लाहकारमा कान्छाराम स्याङतान र सुसान्त लो रहेका छन् । अधिवेशनमा पार्टीका स्थानीय नेता तथा कार्यकर्ताको सहभागिता रहेको थियो । कार्यक्रममा वक्ताले संगठन विस्तार, जनताको मुद्दालाई प्राथमिकतामा राख्दै वडास्तरबाटै सक्रियरुपमा कामगर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

# 'रुल अफ ल र वेलफेयर स्टेट' विषयक छलफल



साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ कानून दिवसको अवसरमा 'कानूनको शासन र कल्याणकारी राज्य' विषय अन्तरक्रिया भएको छ । स्नातक तहमा कानून विषयको अध्यापन गराउन सुरु गरेको हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसको आयोजनामा शनिबार बिहान अन्तरक्रिया भएको हो ।

कार्यक्रममा सहभागीले विधिको शासन स्थापित हुनुपर्नेमा जोड दिए । राज्य बोलिको भरमा नभई कानूनको भरमा चल्नुपर्ने सहभागीको भनाइ थियो । वरिष्ठ अधिवक्ता ईश्वरराज ढकालले कार्यपत्र प्रस्तुत गरेका थिए । क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षतामा भएको अन्तरक्रियामा बागमती विश्वविद्यालयका उपाध्यक्ष कुशुमराज सुवेदीको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा क्याम्पस प्रमुख देवचन्द्र मानन्धर, वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले, अधिवक्ता मुकुन्द अधिकारी लगायतको आतिथ्य रहेको थियो । हेटौंडा क्याम्पसमा स्नातक तह प्रथम वर्षमा कानून विषय अध्ययनरत विद्यार्थी पनि अन्तरक्रियामा सहभागी थिए ।

# सुशासनका लागि सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह'

साझाकुरा संवाददाता

हेटौंडा, २६ बैशाख/ बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागेको हो । प्रधानमन्त्री बालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताए । सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुंगा सावित हुने विश्वास लिइएको बताए । प्रेसविज्ञ दाहालले सबै सरोकार भएका निकाय, नागरिकसमाज र सञ्चार कर्मीलाई अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्न आग्रह गरे ।

यो विशेष अभियान सोमबारदेखि सुरुभई जेठ ३ गतेसम्म सञ्चालन हुनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ । अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दाहालले जानकारी दिए ।

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकलाई अनिवार्यरुपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन् । जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ । केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्यांकन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउने छन् ।

बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरुपता नहुँदा र उपभोक्ताले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासा बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको हो । बजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिता ल्याउन, व्यापारी र सेवा प्रदायकलाई जवाफदेही बनाउन, अनिवार्य मूल्यसूचीको व्यवस्था लागू गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न यो अभियान सुरु गर्न लागिएको प्रधानमन्त्री शाहको सचिवालयले जनाएको छ ।


## सहकारी संस्थाहरुको संयुक्त साधारणसभासम्बन्धी

**सूचना । सूचना ।। सूचना ।।।**

दुबै संस्थाको साधारणसभाको निर्णयबमोजिम गठित संस्था एकिकरण गर्ने समिति तथा दुबै संस्थाको संचालक समितिको विभिन्न मितिमा भएको छलफल तथा एक अर्को संस्थाको अनुगमन, अध्ययन तथा संस्थाको समूहमा भएका छलफल तथा निर्णयको साथै श्री सर्वोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि. को मिति २०८२/१२/२८ गते भएको बिस्तारित बैठकको निर्णयपश्चात् दुबै संस्थाको संचालक समिति, लेखा समिति तथा अन्य पदाधिकारीहरु समेतको बैठक २०८३/०१/१३ को निर्णयबमोजिम दुबै संस्था एकीकरण गर्न संयुक्त साधारणसभा तपसिल बमोजिम हुने भएकोले सम्बन्धित सम्पूर्ण शेयर सदस्यज्यूहरुले आ-आफ्नो संस्थामा उपस्थित भई लिनुदिनु हरहिसाब आफ्नो पासबुक र संस्थामा रहेको क्यासबुकमा फरक भए/नभएको चेकजाँच गराई मिति २०८३/१/२५ गतेभित्र मिलाउनु हुनको साथै दोहोरो सदस्यता भएका सदस्यज्यूहरु समेतले पायक पर्ने संस्थामा सम्पर्क गरी जानकारी गराउनु हुनसमेत सबैमा यसै सार्वजनिक सूचनामार्फत् जानकारी गराइन्छ ।

**तपसिल**

एकिकरण गरिने संस्था:

☞ श्री सर्बोत्तम संचिति बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-८
☞ श्री सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा-१

साधारण सभा हुने: **मिति** : २०८३/२/२३ गते, शनिबार
**स्थान** : शुभम् पार्टी प्यालेस, हेटौंडा-८
**समय** : बिहान ११:०० बजे

*(**नोट:** सँस्था एकीकरण गर्ने सँयुक्त साधारण सभा मिति २०८३/२/२ गते गर्ने भन्ने निर्णय भएकोमा नगर पालिकाको कार्यबिधि अनुसार निर्धारित मितिमा गर्न नमिल्ने भएकोले सो सभा नगरपालिकाको कार्यविधि अनुसार मिति २०८३/२/२३ गते शनिवार पुर्व निर्धारित समय र स्थानमा गर्नको लागि सम्पूर्ण सञ्चालक समिति, लेखासमिति, सल्लाहकार सबैमा निर्णयार्थ प्रस्तावित गर्दछु ।)*



शर्मिला राना ९८४१९९९४८७ | कल्पना न्यौपाने ९७६७७६४४४७ | उषा अधिकारी ९८४५१२५९०८



## स्वर्गद्वारी महिला पञ्चेबाजा समूह

हेटौंडा-१, मकवानपुर

हाम्रो सेवा: विवाह, ब्रतवन्ध, पार्टी, विभिन्न कार्यक्रम, सप्ताह एवम् अन्य शुभकार्यको लागि स्तरीय पञ्चेबाजाको लागि सम्पर्क राख्नुहोस् ।



## डेंगु रोगको लक्षण तथा बच्ने उपायहरुका सम्बन्धमा जनहितका लागि जारी सूचना:

डेंगु रोगको मुख्य लक्षण भनेको एक्कासी उच्च ज्वरो आउनु । यो ज्वरो ५-७ दिनसम्म रहन सक्छ । ज्वरोका साथै निम्न लक्षणहरू पनि देखा पर्न सक्छ ।

अन्य लक्षणहरू:

- आँखाको गेडी तथा आँखाको पछिल्लो भाग दुख्ने,
- हाडजोर्नी तथा मांसपेसीहरू दुख्ने,
- वाकवाकी लाग्ने ,
- पेट दुख्ने,
- शरीरमा विमिरा आउने ।



डेंगु संक्रमणबाट आफू र आफ्नो परिवारलाई बचाउनका लागि सावधानी अपनाउनुहोस् ।



सुत्दा झुलको प्रयोग गर्नुहोस्

लामखुट्टेको टोकाईबाट बचाउने धुप तथा झोलको (रिपेलेन्ट) प्रयोग गर्नुहोस्

पुरै बाहुला भएका अथवा लामो बाहुला भएका कपडा लगाउनुहोस्



ट्याङ्की र कुलरहरु हप्तामा एकचोटी सफा गर्नुहोस्

वरपर पानी जम्न नदिनुहोस्


डेंगुका कुनै पनि लक्षण देखिएमा उपचारका लागि स्वास्थ्य संस्था जानुहोस्

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
हेटौंडा, मकवानपुर



# आकर्षक घडेरी बिक्रीमा

हेटौंडा वडा नं. १ स्वर्गलोक,
हेटौंडा मोडल अस्पताल पछाडि




सम्पर्क:
९८५१०८९६३४ (मुकुन्द कार्की)
९८४४५०५३४९ (श्री लामा)


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना